(नेपाल राष्ट्र बैंकबाट 'ग' वर्गको इजाजत पत्र प्राप्त संस्था)

# श्री इन्भेष्टमेन्ट एण्ड फाइनान्स कं. लि.

# Shree Investment and Finance Co. ltd.

Dilli Bazar, P.O. Box: 10717, Kathmandu, Nepal, Tel: 4422038, 4426146, 4415344, 4417558, Fax:977-1-4421779, Email: info@shreefinance.com.np

च.नं. :२०७८/०७९-४५८

मिति: २०७८/०९/०८

श्री नेपाल स्टक एक्स्चेञ्ज लि.
सिंहदरवार प्लाजा, काठमाडौं

विषय: <u>२७औं वार्षिक साधारण सभा तथा शेयरधनी दर्ता किताव बन्द **(Book closure)** हुने सम्बन्धमा ।</u>

महोदय,

उपर्युक्त सम्बन्धमा यस वित्तीय संस्थाको मिति २०७८/०९/०७ मा बसेको सञ्चालक समितिको ३१२औं बैठकको निर्णयानुसार नेपाल राष्ट्र बैंकबाट आर्थिक वर्ष २०७७/०७८ को स्वीकृत वित्तीय विवरण अनुसारको प्रस्तावित लाभाँश चुक्ता पूँजी रु.८९,०१,३४,८७९।५० को ११% ले हुने रु.९,७९,१४,८३६।७५ मध्ये ७.७०% ले हुने रु. ६,८५,४०,१२०।५० बोनश शेयर तथा ३.३०% ले हुने रु २,९३,७४,७१६।२५ नगद लाभाँश(कर प्रयोजन समेत) शेयरधनीहरुलाई वितरण गर्न मिति २०७८ पौष २९ गते विहीवार (तदनुसार १३ जनवरी, २०२२) मा आव्हान गरिएको कम्पनीको सत्ताइसौं वार्षिक साधारण सभामा अनुमोदनका लागी पेश गर्ने तथा सो प्रयोजनका लागी मिति २०७८/०९/२२ गते १ दिन शेयरधनी दर्ता किताव बन्द रहने व्यहोरा समेत अनुरोध गर्दछु ।

साथै, राष्ट्रिय दैनिक पत्रिका "आर्थिक अभियान" मा प्रकाशित सूचनाको प्रति यसै साथ संलग्न रहेको व्यहोरा अनुरोध गर्दछु ।

भवदीय,

............................

(लिलामणि न्यौपाने)
कार्यकारी प्रमुख

# श्री इन्भेष्टमेन्ट एण्ड फाइनान्स कम्पनी लिमिटेडको
# सत्ताईसौं वार्षिक साधारणसभा बस्ने सूचना

कम्पनीको मिति **२०७८ पौष ७ गते** बसेको सञ्चालक समितिको **३१२औं** बैठकको निर्णय अनुसार निम्न मिति, स्थान र समयमा देहायका प्रस्तावहरु उपर छलफल गरि पारित गर्नका लागी कम्पनीको २७औं बार्षिक साधारणसभा बस्ने भएको हुदा कम्पनी ऐन, २०६३ को दफा ६७(२) अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

**(१) साधारणसभा बस्ने :**

**मिति** : वि.सं. २०७८ साल पौष २९ गते बिहिबार (तदनुसार जनवरी १३, २०२२ ई.सं.) ।
**स्थान** : श्री इन्भेष्टमेन्ट एण्ड फाइनान्स कं. लि.को रजिष्टर्ड कार्यालय, डिल्लीबजार, काठमाडौं ।
**समय** : बिहान ११:०० बजे ।

**(कोभिड-१९ महामारीको जोखिमका कारण साधारणसभामा अनलाईन (भर्च्युअल) Zoom मार्फत सहभागी हुन सक्ने गरि शेयरधनी महानुभावहरुलाई Meeting ID र Password उपलब्ध गराउने व्यवस्था गरिएको छ ।)**

**(२) छलफलका बिषयहरु :**

**(क) साधारण प्रस्ताव**

१) अध्यक्षज्यूको मन्तव्य तथा सञ्चालक समितिको आ.व. २०७७/०७८ को प्रतिवेदन छलफल गरि पारित गर्ने,
२) लेखापरीक्षकको प्रतिवेदन सहित आर्थिक वर्ष २०७७/०७८ आषाढ मसान्तको वासलात तथा सोहि आ.ब.सम्मको नाफा-नोक्सान हिसाव तथा नगद प्रवाह विवरण स्वीकृत गर्ने,
३) लेखापरीक्षण समितिको सिफारिस बमोजिम आ.व.२०७८/०७९ को लागी लेखापरीक्षकको नियुक्ती तथा नीजको पारिश्रमिक अनुमोदन गर्ने, (वर्तमान लेखापरीक्षक **Pratik Khanal & Associates** पुनः नियुक्तिका लागी योग्य रहनु भएको व्यहोरा जानकारी गराईन्छ) ।
४) सञ्चालक समितिले प्रस्ताव गरे अनुरुप कम्पनीको चुक्ता पूँजीको ३.३०%ले हुन आउने रु.२,९३,७४,७१६।२५ (अक्षरेपी दुई करोड त्रियान्नवे लाख चौहत्तर हजार सात सय सोह्र पैसा पच्चिस मात्र) बराबरको नगद लाभांश (कर प्रयोजनार्थ समेत) वितरण गर्न स्वीकृत गर्ने ।
५) यस वित्तीय संस्थाको संचालक समितिको निर्णयानुसार संस्थापक समूह तर्फ रिक्त रहेको १ जना संचालकको पदमा बांकी अवधिका लागि र स्वतन्त्र संचालक पदमा ४ बर्ष अवधिका लागि १ जना समेत गरी २ जना संचालकहरुको नियुक्तीको अनुमोदन गर्ने ।

**(ख) विशेष प्रस्ताव**

१) सञ्चालक समितिले प्रस्ताव गरे अनुरुप हालको चुक्ता पूँजीको ७.७०%ले हुन आउने रु. ६,८५,४०,१२०।५० (अक्षरेपी छ करोड पचासी लाख चालिस हजार एक सय बीस पैसा पचास मात्र) बरावरको बोनश शेयर बितरण गर्न स्वीकृति गर्ने ।
२) बोनश शेयर बितरणबाट कम्पनीको साविक जारी तथा चुक्ता पूँजी रु. ८९,०१,३४,८७९।५० लाई बृद्धि गरि रु. ९५,८६,७५,०००।– (अक्षरेपी पन्चानव्वे करोड छियासी लाख पचहत्तर हजार मात्र) कायम हुने गरि कम्पनीको प्रवन्धपत्रको सम्बन्धित दफामा संशोधन गर्न स्विकृति गर्ने ।
३) संस्थापक तर्फको विद्यमान शेयर स्वामीत्व ५३.३२ प्रतिशतलाई ५१ प्रतिशत र सर्वसाधारण तर्फको शेयर स्वामीत्व ४६.६८ प्रतिशतलाई ४९ प्रतिशत कायम गर्न कम्पनीको प्रवन्धपत्रको दफा ५ को खण्ड (घ) र (ङ) मा तदनुसार संशोधन गर्न स्वीकृति प्रदान गर्ने ।
४) कम्पनीको नियमावलीको नियम ८ को वुंदा २ को खण्ड (ग), नियम ८ को.वुंदा ३, नियम १० को वुंदा ६, नियम १६ को वुंदा नं. १,२ र ३ तथा नियम १७ मा संलग्न ३ महले प्रस्ताव वमोजिम संशोधन एवम् खारेज गर्न तथा नियम ४२ वमोजिमको संस्थापकहरुले तत्काल लिन कवुल गरेको शेयर संख्या अद्यावधिक गर्न स्विकृती प्रदान गर्ने ।
५) कुनै बैंक वा वित्तीय संस्थासंग यस वित्त कम्पनीलाई मर्जर वा प्राप्ती गर्ने/गराउने प्रयोजनका लागि आवश्यक सहमति तथा सम्झौता गर्न लगायत उक्त कार्यका लागि प्रचलित ऐन, नियम, कानून अनुसार कम्पनीको तर्फबाट गर्नुपर्ने सम्पूर्ण कार्यहरु गर्न संचालक समितिलाई सम्पूर्ण अख्तियार प्रदान गर्ने ।
६) उपरोक्त प्रस्ताव बमोजिम कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा शंसोधन गर्न नियमनकारी निकायबाट कुनै फेरबदलको सुझाव भएमा तदनुसार समावेस गरि संशोधन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

**(ग) विविध ।**

**संचालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

**साधारणसभा सम्बन्धि सामान्य जानकारी**

१) विद्यमान कोरोना भाईरस(COVID-19) का कारणबाट पर्न सक्ने संभावित जोखिमलाई मध्यनजर गर्दै आवश्यक सुरक्षा मापदण्डको पालना गर्दै सभा संचालन गर्नुपर्ने बिशेष परिस्थितीका कारण शेयरधनी महानुभावहरुलाई भर्चुअल माध्यमबाट सभामा उपस्थितीकोलागी बिशेष अनुरोध गरिन्छ । भर्चुअल माध्यमबाट उपस्थित शेयरधनीहरुलाई सभा हलमा उपस्थित भए सरह मान्यता दिईने व्यहोरा समेत जानकारी गराईन्छ ।
२) अनलाईन भर्चुअल(ZOOM) माध्यमबाट सभामा सहभागी हुने, आफ्नो मन्तव्य राख्ने तथा मतदान गर्न शेयरधनी महानुभावहरुले सभा हुन भन्दा कम्तीमा ४८ घण्टा अगावै आफ्नो परिचयपत्र सहित बित्तीय संस्थाले जारी गरेको शेयर प्रमाणपत्र / डिम्याट खाता खोलिएको प्रमाणको स्क्यान कपि समावेश गरी इमेल ठेगाना shreeagm2078@shreefinance.com.np वा मोबाईल नं.९८०८१५४५९१मा Viber वा SMS मार्फत AGM टाईप गरि पठाउनु पर्नेछ । यसरी प्राप्त भएको ईमेल, Viber वा SMS मार्फत अनलाईन भर्च्युअल (ZOOM) मार्फतबाट सभामा सहभागी हुनको लागी Meeting ID र Password उपलव्ध गराईनेछ । सभामा आफ्नो लिखित मन्तव्य दिन चाहने शेयरधनीले माथि उल्लेखित ईमेल मार्फत दिन सक्ने व्यवस्था मिलाइएको छ ।
३) सभा शुरु हुनु भन्दा १ घण्टा अगावै भर्चुअल माध्यम खुला गरिनेछ । उक्त १ घण्टाको समयभित्र सभामा सहभागी हुने महानुभावहरुले दिईएको ID/Password को माध्यमबाट लगईन गरी आफ्नो परिचय सहित उपस्थितिको जानकारी सभालाई दिनुपर्नेछ ।
४) कम्पनीको सत्ताईसौं बार्षिक साधारणसभा प्रयोजनका लागि मिति २०७८।०९।२२ गते १ दिनका लागि यस वित्तीय संस्थाको शेयर धनी दर्ता किताव वन्द गरिनेछ । नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा बुक क्लोज भन्दा अगाडिको दिनको कारोवार मार्फत शेयर खरिद गरी नियमानुसार सम्वन्धित व्यक्तिको नाममा शेयर नामसारी भई आएका शेयरधनीहरुले मात्र साधारण सभामा सहभागीता जनाउन, मतदान गर्न, बोनश शेयर र नगद लाभाँश प्राप्त गर्न सक्नु हुने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।
५) शेयरधनी महानुभावहरुलाई शेयर लगत किताबमा कायम रहेको ठेगानामा संक्षिप्त वार्षिक आर्थिक विवरण पठाईनेछ । कम्पनी ऐन २०६३ अनुसारको बार्षिक आर्थिक बिवरण, सञ्चालक समितिको प्रतिवेदन र लेखापरीक्षण प्रतिवेदन शेयरधनीहरुले निरीक्षण गर्न वा प्राप्त गर्न चाहनु भएमा कम्पनीको केन्द्रीय कार्यालयबाट उपलब्ध गराउन सकिने लगायत कम्पनीको वेभसाइट **www.shreefinance.com.np** मा समेत राखिएको जानकारी गराईन्छ ।
६) साधारणसभामा भाग लिन र मतदान गर्नकालागी प्रोक्सी ल्याउने ब्यक्ति यस कम्पनीको शेयरधनी मध्येबाटै हुनु पर्नेछ । प्रोक्सी (प्रतिनिधीपत्र) साधारणसभा हुनुभन्दा ७२ घण्टा अगाबै कम्पनीको केन्द्रीय कार्यालयमा दाखिल भई सकेको हुनु पर्नेछ ।
७) कुनै ब्यक्तिले एक भन्दा बढी ब्यक्तिलाई प्रोक्सी दिएको भए रितपूर्वकको पहिलो दर्ता हुन आएको प्रोक्सी सदर गरी अरु प्रोक्सी रद्द हुनेछ, साथै प्रतिनिधी नियुक्त गरी सक्नु भएको शेयरधनी साधारणसभामा आफै सहभागी भए निजले दिएको प्रोक्सी (प्रतिनिधीपत्र) स्वत: बदर हुनेछ ।
८) छलफलको बिषय अन्तर्गत बिबिध शीर्षक सम्बन्धमा शेयरधनी महानुभावहरुले छलफल गर्न चाहनु भएको बिषयवारे साधारणसभा हुनुभन्दा कम्तिमा सात दिन पहिले कम्पनीको केन्द्रीय कार्यालय मार्फत कम्पनीको अध्यक्षलाई लिखित रुपमा जानकारी दिनु पर्नेछ ।
९) शेयरधनीहरुबाट उठेका प्रश्न, जिज्ञासा वा मन्तब्यहरुको सम्बन्धमा सञ्चालक समितिको तर्फबाट अध्यक्ष वा अध्यक्षबाट अनुमति प्राप्त ब्यक्तिले जवाफ दिनु हुनेछ ।
१०) अन्य आवश्यक जानकारीको लागि यस कम्पनीको केन्द्रीय कार्यालय, डिल्लीबजार काठमाण्डौंमा सम्पर्क राख्न हुन अनुरोध गरिन्छ ।

**श्री इन्भेष्टमेन्ट एण्ड फाइनान्स कं. लि.**
डिल्लीबजार, गुरुजुको चौर, पो.ब.नं.:- १०७१७, काठमाडौं ।
**फोन**: ४४२२०३८, ४४२६१४६, ४४१५३४४, **फ्याक्स**: ९७७-१-४४२१७७९, E-mail: info@shreefinance.com.np
**शाखा कार्यालयहरु :**
**काठमाडौ उपत्यका भित्र :** बुढानिलकण्ठ, इमाडोल, चावहिल
**काठमाडौ उपत्यका बाहिर :** विराटनगर-मोरङ्ग, भैरहवा-रुपन्देही, तौलिहवा-कपिलवस्तु, ओदारी-कपिलवस्तु, रजहर-नवलपरासी पूर्व, डण्डा (कावासोती), हर्कपुर-नवलपरासी पूर्व, श्रीनगर-सल्यान, सोलावाङ्ग-रुकुम (पशिचम)